**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**नेपालगंज नागरिक उड्डयन कार्यालयको**

# नयां टर्मिनल भवनको पहिलो तल्ला Block B पसल नं. ४ मा Travels and Turs संचालनका लागी स्थान बहालमा लगाउने ठेक्का कार्यको बोलपत्र आव्हानको सूचना

**बोलपत्र नं.०८/०८२/८३**

**(प्रथम पटक प्रकाशित मिति २०८३/01/३0)**

**नेपालगंज विमानस्थलको नयां टर्मिनल भवनको Block B पहिलो तल्ला पसल नं. ९ मा ३७.३२ वर्ग मीटर क्षेत्रफलमा Travels and Turs सञ्चालनको लागि बहालमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसील अनुसारका शर्तहरुको अधिनमा रही काम गर्न इच्छुक कारोवारको इजाजत प्राप्त करमा दर्ता भएका सम्बन्धित फर्म/कम्पनी/संस्थाहरुबाट रीत पुर्वकको बोलपत्र आव्हान गरिन्छ ।**

**शर्तहरु :**

**१)** ठेक्का अवधी : ठेक्का अवधी ५ वर्ष

२) ठेक्काको न्युनतम ठेक अंक : ***रु. १२,७१,८६५/६०*** (मु.अ.कर नलाग्ने)

**३)** सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र बोलपत्र दस्तुर बापतको रकम रु.१,१३०/- पछि फिर्ता नहुने गरी यस कार्यालयको सिद्धार्थ बैंक लि., नेपालगंज स्थित खाता नं. ***०१५१५०८०४७५*** मा दादिला गरी सोको सक्कल बैंक भौचर कार्यालयमा पेश गरी प्राप्त रसिद सहित तपशिल बमोजिमका कागजातहरु अनिवार्य रुपमा पेश गरी यस कार्यालयको प्रशासन शाखाबाट बोलपत्र सम्बन्धि कागजात खरीद गरी सक्नु पर्ने छ ।

**(क)** नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

**(ख)** मु.अ.कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

**(ग)** आर्थिक वर्ष २०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

**(घ)** व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र,

**(ङ)** संचालकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

**(च)** नेपाल नागरिक उड्डयन प्राधिरकणलाई बुझाउनु पर्ने बक्यौता रकम नरहेको Clearance Letter ।

**(छ)** बोलपत्र प्रक्रियामा सहभागिता जनाउने सम्बन्धमा फर्म/कम्पनीको सञ्चालक बोर्डको निर्णय संलग्न हुनुपर्नेछ । साझेदारी (Joint Venture) भए साझेदारी करारपत्रको प्रमाणित प्रतिलिपि तथा प्रत्येक साझेदार सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत पेस गर्नुपर्नेछ ।

४) शर्त नं. २ बमोजिम खरिद गरिएको बोलपत्र फाराम भरी सूचना प्रकाशित भएको १६ औं दिनको १२ बजे भित्र यस कार्यालयको प्रशासन शाखामा दर्ता गराई सक्नु पर्ने छ ।

**५)** आफ्नो कुल कबोल अंकको ५% ले हुन आउने रकम श्री सिद्धार्थ बैंक लि., नेपालगंज स्थित यस कार्यालयको चल्ती खाता नं. **०१५१५०८०४४३** मा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकबाट यस कार्यालयका नाममा जारी भएको बोलपत्र खोलिने मिति देखि ९० दिन भन्दा बढि अवधिको म्याद भएको बैंक जमानत (कार्यालयबाट स्वीकृत नमुना बमोजिम) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

**६)** प्राप्त बोलपत्र १६ औं दिनको २:०० बजे होटल/रेष्टुरेन्ट/क्याफे संचालक वा नीजको प्रतिनिधिको रोहवरमा यस कार्यायलमा खोलिने छ । होटल/रेष्टुरेन्ट वा नीजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**७)** बोलपत्र खरीद, दाखिला र खोल्ने अन्तिम दिन बिदा परेमा उक्त कार्य कार्यालय खुलेको पहिलो दिन सोही समय अनुसार गरिनेछ ।

**८)** बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

**९)** स्वीकृत बोलपत्रदाताले कबोल रकम भुक्तानी गर्ने प्रकृया, छुट तथा तोकिएको समयमा रकम भुक्तानी नगरेमा हुने जरिवाना सम्बन्धि व्यवस्था लगायत अन्य शर्तहरु बोलकबोल पत्र तथा ने.ना.उ.प्रा सम्बन्धि ऐन नियम बमोजिम हुनेछ ।

**१०)** कवोल रकम १५ किस्तामा बांडिने र प्रथम किस्ता रकम अग्रीम रुपमा बुझाए पछि मात्र बहाल सम्झौता गरिने छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ । कुल वार्षिक वार्षिक बहाल रकम अग्रीम रुपमा भुक्तानी गरेमा ५ प्रतिशत छुट समेत दिईनेछ ।

**११)** बोलपत्र फाराममा अंक र अक्षरमा दररेट स्पष्ट संग बुझिने गरी भरेर शिलवन्दी गरी बुझाउनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ ।

**१२)** दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर "नयां टर्मिनल भवनको पहिलो तल्ला Block B पसल नं.९ मा Travel and Tours सम्बन्धि सेवा संचालनका लागी स्थान बहालमा लगाउने ठेक्का कार्यको बोलपत्र (बोलपत्र नं.०८/०८२/८३)" स्पष्ट लेखी श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपालगंज नागरिक उड्डयन कार्यालय लाई सम्बोधन गरी नेपालगंज नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

**१३)** Travel and Tours सम्बन्धि सेवा सञ्चालन गर्नको लागि ३७.१२ वर्ग मीटर क्षेत्रफल भएको स्थान सञ्चालकलाई उपलब्ध गराइनेछ । सो क्षेत्रमा कुनै अस्थायी संरचना निर्माण गर्नुपर्ने भएमा कार्यालयको पूर्वस्वीकृति लिई सञ्चालक स्वयंले आफ्नै खर्चमा संरचना निर्माण गर्नुपर्नेछ ।

**१४)** सेवा सञ्चालन गर्न पाएको क्षेत्रमा सञ्चालकले अन्य कुनै उत्पादक वा संस्थाको विज्ञापन राख्न पाइने छैन । साथै विमानस्थलमा जुन प्रयोजनका लागी स्थान ठेक्का बहालमा लिएको हो सो बाहेक अन्य ठेक्का सम्झौतासंग असम्बन्धित आफ्नै विज्ञापन पनि गर्न पाईने छैन ।

**१५)** सुरक्षा निकायबाट प्राप्त सुरक्षा सम्वन्धी निर्देशन तथा कार्यालयले समय-समयमा दिएको निर्देशनहरु सञ्चालकले निःशर्त र अनिवार्यरुपमा

पालना गर्नु पर्नेछ ।

**१६)** प्राप्त भएका बोलपत्रहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्र छनौट गर्ने सम्बन्धी ७ दिनको आशयको सूचना प्रकाशन गरिनेछ र सोको जानकारी सम्पूर्ण बोलपत्रदातालाई गराइनेछ ।

**१७)** आशयको सूचनामा तोकिएको समय भित्र कुनै पनि फर्म/कम्पनीबाट उजुरी प्राप्त नभएमा छनौट भएको बोलपत्र स्वीकृत गरी नियमानुसार सम्झौता गर्न आउनको लागि सूचना दिइनेछ । सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोलपत्रदाताले ५ वर्षको लागि कबोल गरेको कुल रकमको प्रथम किस्ता वापत हुन आउने रकम श्री सिद्धार्थ बैंक लि., नेपालगंज स्थित कार्यालयको खाता नम्बर ०१५१५०८०४७५ मा दाखिला गरेको सक्कल भौचर तथा ५ वर्षको कुल कवोल अंक को २५ प्रतिशतले हुन आउने कार्य सम्पादन जमानत बापतको रकम श्री सिद्धार्थ बैंक लि., नेपालगंज स्थित यस कार्यालयको चल्ती खाता नं. ०१५१५०८०४४३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको रकम नेपाल राष्ट्र कैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक बाट यस कार्यालयका नाममा जारी भएको ठेक्का अवधि भन्दा को अवधि भन्दा १ वर्ष बढी म्याद भएको बैंक जमानत पेश गरी सम्झौता गर्न आउनु पर्ने छ ।

**१८)** मूल्याङ्कनबाट छनौट भएको बोलपत्रदाता म्याद भित्र सम्झौता गर्न नआएमा निज बोलपत्रदाताको Bid Securities जफत गरी निज पछि छनौट भएको दोस्रो, तेस्रो क्रमानुसारका बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता गरिनेछ ।

**१९)** तपशिल बमोजिम नभएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

**क)** तोकिएको समय भित्र दाखिला हुन नआएको,

**ख)** सिलबन्दी भई नआएको,

**ग)** सुचनाको शर्त नं. २ मा उल्लेखि न्युनतम ठेक अंक भन्दा कम हुने गरी कबोल अंक कायम भएको,

**घ)** कबोल अंकको ५% भन्दा कम धरौटी वा बैंक जमानत पेश भएको वा तोकिएको मान्य अवधि पूरा नभएको

**ङ)** बोलपत्र पेस गर्ने आधिकारिक व्यक्ति/फर्मको दस्तखत र छाप नभएको,

**च)** कार्यालयबाट बिक्री भएको बोलपत्र फाराम भरी नआएको,

**छ)** बोलपत्रमा शर्त राखी पेस भएको,

**ज)** यस सूचनाको शर्त नम्बर १ मा उल्लेख भए बमोजिम कागजातहरु पेस नभएको ।

२०) सम्झौता सम्पन्न भएपश्चात् प्रचलित ऐन, नियम तथा कानूनमा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ । यसरी संशोधन हुँदा शूल्क/दस्तुरमा परिवर्तन आएमा परिवर्तित दस्तुर लागू हुनेछ ।

२१) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

२२) यस सूचनामा  नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा  प्रचलित ऐन, नियमानुसार हुनेछ ।

२३) यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।